COMMONWEALTH OMBUDSMAN
OVERSEAS STUDENTS

# अन्तर्राष्ट्रिय विद्यार्थी – शैक्षिक एजेन्टहरु

थुप्रै अन्तर्राष्ट्रिय विद्यार्थीहरु जो अष्ट्रेलियामा पढ्न चाहन्छन् उनीहरुले **शैक्षिक एजेन्ट**को सेवाहरु प्रयोग गर्छन्। यो जान्नु जरूरी छ कि तपाईले कुनै शिक्षा एजेन्टको प्रयोग **गर्नुपर्छ भन्ने छैन**। तपाईले प्रत्यक्ष शिक्षा प्रदायक (निजी विद्यालय, कलेज वा विश्वविद्यालयहरु) मा भर्ना गर्न सक्नुहुन्छ।

अष्ट्रेलियामा विद्यार्थी भिसामा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई अध्ययन कोर्स प्रदान गर्ने अष्ट्रेलियन शिक्षा प्रदायकहरुको रजिष्टर यहाँ उपलब्ध छः cricos.education.gov.au.

यो जानकारी पत्र शिक्षा एजेन्टहरुका बारे तथा तपाईलाई केही गडबड छ भन्ने लागेमा के गर्ने भन्ने विषयमा केन्द्रित छ।

## अष्ट्रेलियामा शिक्षा एजेन्टहरु

अष्ट्रेलियाको कानुनअनुसार शिक्षा प्रदायकहरुले उनीहरुको शैक्षिक एजेन्टसँग लिखित सम्झौता गर्नुपर्छ र उनीहरुलाई प्रतिनिधित्व गर्ने एजेन्टहरुको गतिविधिलाई अनुगमन गर्नुपर्दछ। प्रदायकले उनीहरुको एजेन्टबाट निम्न कार्यहरू गराउनु पर्छ:

- इमान्दारितापूर्वक, राम्रो विश्वासका साथ, र विद्यार्थीहरुको उत्तम हितका लागि काम गर्ने,
- अष्ट्रेलियाको अन्तर्राष्ट्रिय शिक्षा प्रणालीबारेमा सही ज्ञान तथा बुझाइ हुनुपर्छ, र
- अष्ट्रेलियाको अन्तर्राष्ट्रिय शिक्षा तथा प्रशिक्षण एजेन्टको आचारसंहिता बुझ्नुपर्छ।

## विद्यार्थीका लागि युक्तिहरू (टिप्स)

यदि तपाई शैक्षिक एजेन्ट प्रयोग गर्न चाहनुहुन्छ भने:

- यदि तपाईलाई पहिला नै कुन शिक्षा प्रदायककहाँ अध्ययन गर्ने भन्ने थाहा छ भने त्यस प्रदायकद्वारा प्रयोग भएको शैक्षिक एजेन्टलाई छान्नु उत्तम हुन्छ। शैक्षिक एजेन्टहरुको सूचीका लागि त्यस प्रदायकको वेबसाइटमा हेर्नुहोस्।
- कुनै एजेन्ट तपाईले आवेदन दिन चाहेको शैक्षिक संस्थाको आधिकारिक प्रतिनिधि हो कि होइन भन्ने कुरा जाँच गर्न तपाईले उक्त शिक्षा प्रदायकका लागि एजेन्टल भएर काम गरेको लिखित प्रमाण एजेन्टसँग माग्न सक्नुहुन्छ।
- तपाईले भर्ना हुने कोर्स तपाईका लागि उपयुक्त छ, र तपाईको सिकाइको लक्ष्य हासिल गर्नका लागि मद्दत गर्छ भन्ने निश्चित गर्नका लागि एजेन्टसँग काम गर्दा होशियार तथा चनाखो हुनुहोस्।
- यदि तपाईलाई लाग्छ कि तपाईको शिक्षा एजेन्टले बेइमानी वा अनैतिक किसिमको व्यवहार गर्दैछ भने तपाईले तुरुन्त उनीहरुलाई प्रयोग गर्न छोड्नुपर्छ र तपाईको शैक्षिक प्रदायकलाई प्रत्यक्षरुपमा सम्पर्क गर्नुपर्छ।
- उनीहरुको सेवा प्रयोग गरेबापत तपाईले तिर्नपर्ने शुल्कका बारेमा सोध्नुहोस्।
- कुनै कागजातमा हस्ताक्षर गर्नुपूर्व वा सम्झौतालाई स्वीकार गर्नु अघि ती कागजातहरुलाई तपाईले राम्री पढ्नुस् र बुझ्नुहोस्।
- तपाईको एजेन्ट तथा प्रदायकबाट प्राप्त कुनै पनि कागजातको प्रतिलिपि (जस्तो कि भुक्तानीको रसिदहरु) राख्नुहोस् र इमेल, टेक्स्ट सन्देश वा तपाई तथा तपाईको शैक्षिक एजेन्टबीचको फोन कुराकानीको नोटजस्ता सञ्चारहरुको पनि प्रतिलिपि राख्नुहोस्।
- यदि तपाईलाई आप्रवास (माईग्रेसन) सम्बन्धी सुझाव चाहिन्छ भने अष्ट्रेलियामा दर्तावाल माईग्रेसन एजेन्टलाई प्रयोग गर्नु उत्तम हुन्छ। अष्ट्रेलियामा आधारित एक शैक्षिक एजेन्टले आफु दर्तावाल माईग्रेसन एजेन्ट

सम्पर्क गर्नुहोस्
ombudsman.gov.au
1300 362 072

GPO Box 442
Canberra ACT 2601

यदि तपाईको शिक्षा एजेन्टले बेइमानी गरेको वा अनैतिक व्यवहार गरेको जस्तो तपाईलाई लागेमा, तपाईले उनीहरुलाई प्रयोग गर्न तुरुन्त छोड्नुपर्छ र तपाईको शिक्षा प्रदायकलाई प्रत्यक्षरुपमा सम्पर्क गर्नुपर्छ।

Commonwealth Ombudsman एक नि:शुल्क सेवा हो।

के तपाईले हाम्रो भिडियो हेर्नुभयो? हेर्नका लागि QR कोड स्क्यान गर्नुहोस्

(Registered Migration Agent) नभएसम्म भिसा तथा आप्रवाससम्बन्धी कुरामा जानकारी दिन सक्दैन।

## मेरो शैक्षिक एजेन्टसँग समस्या भएमा कसले मद्दत गर्न सक्छ?

तपाईको शैक्षिक एजेन्टका बारेमा शिक्षा प्रदायकसँग प्रत्यक्षरुपमा कुरा गर्नुहोस्। तपाईले भोगिरहेका कुनै कठिनाइ तथा समस्याहरुबारे व्याख्या गर्नुहोस्। शिक्षा प्रदायकको उजुरी तथा अपिल प्रकृयालाई प्रयोग गरेर तपाईले उनीहरुलाई गुनासो व्यक्त गर्न सक्नुहुन्छ।

यदि अपिलको परिणामसँग तपाई सन्तुष्ट हुन सक्नुभएन भने Commonwealth Ombudsman जस्ता बाह्य उजुरी निकायलाई तपाईको समस्या बारे उजुरी गर्न सक्नुहुन्छ।

## मैले कसरी बाह्य उजुरी गर्ने?

यदि तपाई **निजी शिक्षा प्रदायक**सँग अध्ययन गरिरहनुभएको अन्तर्राष्ट्रिय विद्यार्थी हुनुहुन्छ भने, तपाईले समस्याहरुबारे Commonwealth Ombudsman लाई उजुरी गर्न सक्नुहुन्छ। अमबडस्मनले इच्छुक, वर्तमान वा भुतपूर्व विद्यार्थीहरुले अष्ट्रेलियाका निजी विद्यालय, कलेज वा विश्वविद्यालय (शिक्षा प्रदायक) हरूसँगको समस्याका बारेमा परेका उजुरीहरुलाई अनुसन्धान गर्छ। तपाईले हाम्रो अनलाइन फाराम भर्न सक्नुहुन्छ वा हामीलाई **1300 362 072** मा फोन गर्न सक्नुहुन्छ। कसरी उजुरी गर्ने वा हामीलाई सम्पर्क गर्ने बारे थप जानकारीका लागि **ombudsman.gov.au** हेर्नुहोस्।

यदि तपाई **सार्वजनिक (सरकारी) शिक्षा प्रदायक** कहाँ अध्ययन गरिरहेको अन्तर्राष्ट्रिय वा स्वदेशी विद्यार्थी हुनुहुन्छ भने तपाईले सम्बन्धित राज्य वा प्रान्तका अमबडस्मनलाई[1] मा उजुरी गर्न सक्नुहुन्छ।

## अरु कसले मलाई मद्दत गर्न सक्छ?

तपाईले हाम्रो वेबसाइटमा गएर तपाईलाई मद्दत गर्नसक्ने अन्य संस्थाहरुको उपयोगी लिङ्कहरु (useful links)[2] को सूची प्राप्त गर्न सक्नुहुन्छ।

थप जानकारी **ombudsman.gov.au** मा उपलब्ध छ।

कृपया याद गर्नुहोस्: यस कागजातको आसय निर्देशन गर्ने मात्र हो। तसर्थ यसका जानकारीलाई कानुनी सुझावका रुपमा भर पर्नु हुँदैन वा व्यक्तिगत मामलामा कानुनी सुझावको बिकल्पको रुपमा लिइनु हुँदैन। यस कागजातमाथि भर परेर परिणामस्वरुप कुनै नोक्सानी वा क्षति भएमा कानुनले दिइएको अधिकतम हदसम्म Commonwealth Ombudsman जवाफदेही हुनेछैन। यसमा उद्धृत धेरैजसो ऐनहरुको अद्यावधिक संस्करणका लागि कृपया कानुनको संघीय रजिष्टर Federal Register of Legislation मा हेर्नुहोस्।

[1] http://www.ombudsman.gov.au/what-we-do

[2] http://www.ombudsman.gov.au/How-we-can-help/overseas-students/useful-links